Email: ito.tilamun@gmail.com
Website: www.tilamun.gov.np

# तिला गाउँपालिका
## Tila Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipality Executive

डुण्डेली, जुम्ला
Dundeli, Jumla

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

पत्र संख्याः २०८२।०८३

मिति २०८२।०७।२४

वडा १-९ सम्मका सम्पूर्ण वडा कार्यालयहरू,
तिला गाउँपालिका जुम्ला ।

**विषय :भू-उपयोग वर्गीकरण तथा नक्शा अद्यावधिक सम्बन्धी सूचना**

उपरोक्त सन्दर्भमा तिला गाउँपालिका, जुम्लाको वडा नं १ देखि ९ सम्मका क्षेत्रहरूमा भू-उपयोग वर्गीकरण कार्य सम्पन्न भई, सो सम्बन्धमा निम्नानुसार जानकारी गराइन्छ।:

- भूउपयोग ऐन-, २०७६, भूउपयोग नियमावली-, २०७९ र भूउपयोग कार्यविधि-, २०८१ को प्रावधानअनुसार पालिकामा भू-उपयोग वर्गीकरण कार्य सम्पन्न भइसकेको छ।
- नापी कार्यालय जुम्लामाको नापी नक्सा अनुसार कित्ता गत विवरण तयार गरिएको ।
- सूचना प्रकाशित भएको मितिदेखि ३५ (पैतीस) दिन भित्र वर्गीकरण तथा अद्यावधिक नक्शामा कुनै त्रुटि, गुनासो वा सुधार गर्नुपर्ने विषय भएमा स्थानीय जगाधनी वा सरोकारवालाले वडा कार्यालयमा लिखित निवेदन दिनुहुन अनुरोध गरिन्छ।
- तोकिएको समयसीमाभित्र कुनै माग वा गुनासो प्राप्त नभएमा गरिएको वर्गीकरण तथा अद्यावधिक नक्शालाई अन्तिम मानिनेछ।

थप जानकारीको लागि स्मरणीय कुराहरू:

१वर्गीकृत . कृषि क्षेत्र अन्तर्गत पर्ने जमिनमा कृषि प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

२. आवासीय, व्यापारिक, औद्योगिक, सार्वजनिक, पर्यटन, वन, सामुदायिक संरचना लगायतका क्षेत्रहरूमा वर्गीकृत जमिन त्यही प्रयोजनअनुसार मात्र उपयोग गर्न सकिनेछ।

३अबदेखि पालिकामा हुने . भवन निर्माण नक्सा स्वीकृति, प्लान पास, सिफारिस, भूउपयोग अनुमति लगायतका सम्पूर्ण - प्रशासनिक निर्णय वर्गीकरणको आधारमा मात्र हुनेछन्।

४वर्गीकरण उल्लङ्घन गरिएमा . संबन्धित ऐन तथा नियमावलीबमोजिम कारबाही गरिनेछ।

यस पालिकाको वेबसाइट www.tilamun.gov.np मा वर्गीकरण विवरण तथा नक्शा उपलब्ध गरिएको छ।

५.संपूर्ण स्थानीय सरोकारवाला, जगाधनी, निर्माण व्यवसायी, योजनाकार, प्राविधिक तथा आम नागरिकहरूलाई यस सूचनालाई गम्भीरतापूर्वक लिनुहुन अनुरोध गरिन्छ।

सुरेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत